# धनगढीमाई नगरपालिका

## नगर कार्यपालिकाको, कार्यालय

धनगढी , सिरहा

**२ नं. प्रदेश, नेपाल**

## पोखरी ठेक्का वन्दोवस्त सम्वन्धी सुचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०५/१३)**

धनगढीमाई नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आव २०७५/७६ देखी २०७७/७८ सम्मको लागी माछा उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्तीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी दरभाउ पत्र दिन सम्वन्धित सवैमा जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

***शर्तहरू***

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ पन्ध्रौ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको रा.बा.बैंक, लहानमा रहेको खाता नं. ग २२६०३०३००७१०२ मा जम्मा गरि वा यस कार्यालयको राजस्व शाखावाट रु. १०००।  को (पछि फिर्ता नहुने गरी) रसिद काटी दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउ पत्रको आफुले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ सोहौं दिन दिनको १२:०० वजेसम्म दरभाउ पत्र पेश गर्नेको नाम र ठेगाना तथा आफुले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराउदा शिलवन्दी निवेदन सँग यस कार्यालयको रा.बा.बैंक, लहानमा रहेको धरौटी खाता नं.ग २२६०३०३००७१०२ मा आफुले कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम जम्मा गरेको सक्कलै भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. दर्ता भएका दरभाउ पत्रहरु सि.न. २ मा उल्लेखित भएको दिन दिनको २:०० वजे सम्वन्धित कार्यालय तथा दरभाउ पत्र दाता वा निजको प्रतिनिधिको उपस्थितीमा खोलिनेछ तर प्रतिनिधी उपस्थिती नभए पनि खोल्न वाधा पर्ने छैन।

४. दरभाउ पत्र खरिद गर्ने,दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदाको भोलि पलट कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनेपर्ने बाकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की वाकी रकम वा नगद जिन्सी बुझाउन वाकी रहेको व्यक्तीले ठेक्का लिन पाउने छैन कुनै कारण वश त्यस्ता व्यक्तीको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सुचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सुचना पाटीमा टाँस गरी जानकारी गराइनेछ साथै सुचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. प्रत्येक पोखरीको छुट्टाछुट्टै दरभाउ पत्र दाखिला गर्नु पर्नेछ।

८. ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्वन्धित व्यक्तीले ३ किस्तामा वा एकमुष्ठ रकम बुझाउन सकिनेछ। रकम एकमुष्ठ बुझाउदा ५ प्रतिशत छुट दिइनेछ तर किस्तामा बुझाउदा छुट दिइनेछैन किस्ता रकम बुझाउदा प्रथम किस्ता चलनपुर्जी लिनु अगावै र बाकी दोस्रो र तेस्रो किस्ता क्रमश आ.व. २०७६/७७ र २०७७/७८ को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ। उक्त समय भित्र नबुझाए ठेक्का वदर गरी पोखरीमा रहेको माछा धरौटी जफत गरी कार्यालयले पुन अर्को ठेक्का वन्दोवस्त गर्ने छ।

९. सि.न. ८ वमोजिम एकमुष्ठ रकम बुझाउदा तीनै आ.व.को तथा किस्तावन्दीमा बुझाउदा प्रत्येक आ.व.को हिसावमा रकम बुझाएको सोही दिन वा सोको भोलीपल्ट चलनपुर्जी लिई सक्नुपर्नेछ।

१०. रित नपुगेको तथा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कार्यवाही हुने छैन।

११. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तीवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ।

१२. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१३. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन वमोजिम हुनेछ।

### ठेक्का वन्दोवस्तको लागी पोखरीहरूको विवरण

ठेक्का नं आ.२०७५।०७६ ०३

| क्र.स. | पोखरीको नाम | ठेगाना | यस आ.व.को न्यूनतम (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | कूजविहर पोखरी बाखर | धनगढीमाई न.पा.१ | ३०००००.०० |
| २ | भवानीपूर र हनूमान नगर संयुक्त पोखरी १ र ३ | धनगढीमाई न.पा.१ | ३५००००.०० |
| ३ | गौडगरा पोखरी कर्चौबारी | धनगढीमाई न.पा.१ | ४५०००.०० |
| ४ | बमभोला पोखरी | धनगढीमाई न.पा.१ | ४५०००.०० |
| ५ | बासघारी नजिकको डवरा पोखरी | धनगढीमाई न.पा.२ | ३००००.०० |
| ६ | कट्टीटोल बाध | धनगढीमाई न.पा.२ | ४००००.०० |
| ७ | गढीया पोखरी | धनगढीमाई न.पा.२ | १५०००.०० |
| ८ | देवल सूब्बापोखरी(ठूलो) ७ | धनगढीमाई न.पा.३ | ४५००००.०० |
| ९ | देवल सूब्बापोखरी(सानो) ४ | धनगढीमाई न.पा.३ | ४५००००.०० |
| १० | रामजानकी पोखरी(रामजानकी मन्दीर नजिकको पोखरी) | धनगढीमाई न.पा.३ | २०००००.०० |
| ११ | दिलहरी पोखरी | धनगढीमाई न.पा.३ | १५००००.०० |
| १२ | खूशिलाल चौधरीको घर अगाडीको पोखरी ४ | धनगढीमाई न.पा.३ | १०००००.०० |
| १३ | अलुवा बांध पोखरी | धनगढीमाई न.पा.४ | ३५००००.०० |
| १४ | बिक्कन बांध पोखरी | धनगढीमाई न.पा.४ | ३००००.०० |
| १५ | अन्धेरी पोखरी | धनगढीमाई न.पा.४ | ५००००.०० |
| १६ | दया महिला समूह पोखरी | धनगढीमाई न.पा.४ | ३००००.०० |
| १७ | गांउ ब्लकको पोखरी सन्तनगर | धनगढीमाई न.पा.४ | ३००००.०० |
| १८ | भोला पोखरी जयपुर | धनगढीमाई न.पा.४ | ३००००.०० |
| १९ | तिनकोनी पोखरी | धनगढीमाई न.पा.५ | १५०००.०० |
| २० | कटिटोल बांध पोखरी | धनगढीमाई न.पा.६ | ५००००.०० |
| २१ | मूसहरी पोखरी | धनगढीमाई न.पा.६ | १५००००.०० |
| २२ | देवी टोको पोखरी | धनगढीमाई न.पा.७ | ७५०००.०० |
| २३ | केथानी पोखरी | धनगढीमाई न.पा.७ | ५००००.०० |
| २४ | गन्जेबांध (चियावारी) | धनगढीमाई न.पा.८ | १०००००.०० |
| २५ | जोगियावाला टोलको पोखरी | धनगढीमाई न.पा.८ | ३००००.०० |
| २६ | मौहिलियाबा टोलको पोखरी | धनगढीमाई न.पा.८ | १५००००.०० |
| २७ | रामजानकी पोखरी | धनगढीमाई न.पा.९ | १५०००.०० |
| २८ | चैनपुर पोखरी | धनगढीमाई न.पा.९ | ५००००.०० |
| २९ | झेकहा पोखरी | धनगढीमाई न.पा.१० | ७५०००.०० |
| ३० | सोनापूरकुट्टी पोखरी | धनगढीमाई न.पा.११ | २५००००.०० |
| ३१ | भिखारी पोखरी | धनगढीमाई न.पा.११ | १०००००.०० |
| ३२ | चेथरु पोखरी | धनगढीमाई न.पा.१२ | १५००००.०० |

**धनगढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, धनगढी, सिरहा**
**२ नं. प्रदेश नेपाल**